नाम : सर्प गन्धा (Serpentine) Rauvolfia serpentinea



१. **जीवशास्त्र** (Biology) :-
जीवनचक्र : यो एक वर्षे वनस्पति हो ।
रङ्ग : यसको फूल रातो र सेतो मिश्रित रङ्गको हुन्छ ।
आकार प्रकार : यो झाडी र बुट्यानको रुपमा रहन्छ ।
विशेषता : महत्पवूर्ण जडिबुटीको रुपमा प्रयोग गर्ने गरिएको पाइन्छ ।

२. **पाइने स्थान, संख्या र वर्तमान अवस्था :**
मध्य तथा पूर्वी नेपालको १०० मिटरदेखि १,२०० मिटरसम्मको उचाईमा पाइन्छ । प्राय : जंगलको छहारी परेको सेपिलो भागमा झाडी र बुट्यानको रुपमा यो वनस्पति पाइन्छ । यसको खेती पनि गरिन्छ ।

३. **कानुनी अवस्था :**
वन ऐन २०४९ : संरक्षित, साइटिस : अनुसूचि- २, आइ यू सि एन रेड डाटा बुक : अति सँकटापन्न ।

४. **संरक्षण गर्नुका कारणहरु** : अत्यधिक मात्रामा यसको जराको संकलन गरिनाले र बासस्थानको नाश भएकोले ।

५. **प्रयोग :** उच्च रक्तचाप, मानसिक बिरामी, पेटसम्बन्धी रोगको उपचारको लागि यसको प्रयोग गरिन्छ ।

६. **अन्य सूचना :** यसलाई चाँदमरुवा पनि भनिन्छ ।



# प्रकृति

## भित्ते पत्रिका


वर्ष -२, अंक -३, फागुन २०६६


## सम्पादकीय

### शहरी कृषि (Urban Agriculture)

नेपालमा बढ्दै गइरहेको शहरीकरण सँगसँगै दैनिक रुपमा शहरबासीको भन्साकोठाबाट अनावश्यक भनि फालिएका फोहरले दुर्गन्धित भइरहेको हामी सबैलाई थाहा नै छ। यदि सबै शहरबासीले घरको फोहोर घरको चौघेरी भित्र नै व्यवस्थापन गर्न सकिएमा शहर स्वच्छ तथा सफा हुनेछ । यसको लागि शहरी कृषि प्रणाली एक सहयोगी र फाइदाजनक कार्य हुन सक्दछ। सजिलैसँग सडेर मल बन्न सक्ने अधिकांश फोहरहरुलाई कम्पोष्ट मलमा परिणत गरी कृषि उत्पादन गर्न उपयोग गर्न सकेमा शहरी प्रर्यावरणमा सुधार हुनुको साथै खाद्यान्नको अभावमा समेत न्यूनीकरण हुनेछ ।

**शहरी कृषि के हो ?**

सामान्यतया शहरी क्षेत्र र यसको वरिपरिको क्षेत्रमा गरिने पशुपालन, अन्न उत्पादन तरकारी, फलफूल तथा पुष्प उत्पादन कार्यलाई शहरी कृषि भनिन्छ । शहरका प्रत्येक घरको छत वा कौशीमा, खेर गईरहेका घर सँगैको सानो खाली जग्गा, सडक तथा नदी छेउ खालि जग्गामा शहरी कृषि संचालन गर्न सकिन्छ। शहरी अर्थ व्यवस्था र शहरी वातावरणसँग प्रत्यक्ष सम्बन्ध हुनु नै शहर लाई ग्रामीण कृषि प्रंणालीबाट अलग बनाउने यसको मुख्य विशेषता हो ।
शहरमा उपलब्ध बेरोजगार जनशक्ति, शहरबाट उत्पादित जैविक मल र फोहोर पानीको सदुपयोग गरी उत्पादित कृषि उपजको माध्यमबाट शहरमा खाद्य सुरक्षा बढाउनु शहरी कृषिको मुख्य उद्देश्य हो ।

**शहरी कृषि किन ?**

संसारमा द्रुत गतिमा भैरहेको शहरीकरण प्रक्रिया अपरिवर्तनीय भएकाले शहरी क्षेत्रमा जनसंख्या तिव्र रुपमा बढ्दै गइरहेको छ। विभिन्न अध्ययनहरुको प्रक्षेपण अनुसार सन् २०२० को अन्तसम्ममा एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका विकासशील देशहरुको ७५ प्रतिशत जनसंख्या शहरमा केन्द्रित हुने प्रतिवेदनमा देखिएको छ ।

१) शहरीकरण प्रक्रियाले निम्ताएको शहरी गरिबी घटाउन र अपुग खाद्यान्नमा सहयोग गर्न ।
२) विकासशील राष्ट्रहरुमा शहरी फोहोर व्यवस्थापनको राम्रो प्रबन्ध नभएकाले त्यसलाई व्यवस्थित गर्न ।
३) घरभित्रको फोहर घरभित्र नै अधिकतम् प्रयोगमा ल्याउन र फोहरलाई मोहर मा परिनत गर्न ।
४) विकासशील राष्ट्रहरुको वैकल्पिक रोजगारी सिर्जना गर्ने क्षमतामा वृद्धि गर्न

**शहरी कृषिका फाईदाहरु :**

१) यसले शहरी बेरोजगारी र खाद्य असुरक्षा हटाउन मद्दत गर्छ ।
२) शहरी प्रर्यावरणमा सुधार ल्याँउदछ ।
३) स्थानीय आर्थिक विकास, गरिबी न्यूनीकरण, सामाजिक समावेशीकरण गर्दछ र विशेष गरी महिलाहरुको आय आर्जन बढाउनमा सहयोग पुऱ्याउँदछ ।
४) घरभित्र उत्पादन हुने कुहिन सक्ने ठोस फोहोरलाई मलको रुपमा र फोहोर पानीलाई शहरी कृषिमा प्रयोग हुन थालेपछि तिनको व्यवस्थापनमा सहजता आउनुको साथै आम्दानीको श्रोत बढ्छ ।
५) घरभित्रबाट सडकमा फोहोर कम निस्कने हुँदा शहरको फोहोर व्यवस्थापनमा सहज हुने साथै पर्यावरणमा सुधार आउँछ ।
६) शहरमा हरियाली बढ्छ ।

**घरभित्रको फोहोर व्यवस्थापनको तरिका :**

खना तयार गर्दा ठोस र तरल गरी दुई प्रकारका फोहोर निस्कने गर्दछ। ठोस फोहर पनि कुहिने र नकुहिने गरी दुई प्रकृतिका हुन्छन्। कुहिने फोहोर जस्तै फलफूल तथा तरकारीको बोक्रा, कागजका टुक्रा, खाना आदिलाई कम्पोष्ट विनमा संकलन गरी गड्यौला वा अरु कुनै जिवाणुको सहयोगले मलमा परिणत गर्न सकिन्छ । कम्पोष्ट विन शहरको जुनसुकै घरको छतमा वा करेसाबारीमा राख्न सकिन्छ । करीब ३ महिनामा फोहोर मलमा परिणत हुन्छ र सो मल शहरी कृषि प्रणाली अन्तरगत बाली उत्पादन गर्नमा प्रयोग गरी पूर्ण प्राङ्गरिक खाद्यान्न उत्पादन तथा उपभोग गर्न सकिन्छ । प्लाष्टीकका झोलाहरु, खानेकुरा प्याक गरिएका भाँडा प्लाष्टीकको डोरी, शिसाका भाँडा आदि नकुहिने ठोस फोहरहरु हुन। यस्ता फोहरहरुलाई व्यवस्थित तरिकाले प्याक गरी फोहोर संकलन केन्द्रमा पुऱ्याईदिएमा शहरको सडकमा फोहरको थुप्रो लाग्न पाउँदैन । भान्सकोठाबाट निस्किएको फोहोर पानीलाई ट्याङकीमा जम्मा गरी भातका सिता जस्ता ठोस फोहोरहर, जालीको माध्यमबाट छुट्याउन सकिन्छ । फोहर पानीलाई भने बालुवा तथा मसिनो ढुङ्गाको टुक्राको प्रयोग गरी छान्ने र उक्त पानी कृषिमा प्रयोग गर्न सकिन्छ। सबैको भान्सा कोठाबाट निस्किएको फोहोर पानी कृषिमा प्रयोग भएमा ढलको माध्यमबाट फोहर पानी शहरको नदीमा मिसिने छैन र हाम्रो नदी स्वच्छ भै शुद्धपानी भइ बग्न पाउँछ ।
वास्तवमा हाम्रो नेपालमा शहरी कृषि एक्दमै न्युन छ। यसलाई वृद्धि गर्नका लागि हामी सम्पूर्ण मानिसहरु मिलि यसको वृद्धि विकास गर्नुपर्छ। त्यसैले यसको लागि हामी सबै एकजुट हुनुपर्दछ। अनि शहरी कृषिको विकास हुनुको साथै हाम्रो शहर खाद्य सुरक्षित शहर हुन्छ ।

## वर्तमान अवस्थाको वातावरण

आजकाल पहिलेको जस्तो वातावरण छैन् । पहिलेको वातावरण सफा र स्वच्छ थियो । वनजङ्गल प्रशस्त थियो, प्रदुषित थिएन । अहिले जताततै फोहोर बढेकोले प्रदुषण पनि बढेको छ । पहिले वनजङ्गल धेरै थिए । जीवजन्तुहरु पनि धेरै थिए । जीवजन्तुहरु मासिदै गएका छन्। पहिले जनसंङ्ख्या वृद्धि सँगै पानीको समस्या, फोहोरको समस्या, बसोबासको समस्या आदि पनि बढ्दो क्रममा छ ।

यी सबै वैज्ञानिक उपलब्धिका समस्याहरु हुन् । शिक्षा, स्वास्थ्य र विकासका क्षेत्रमा वैज्ञानिक युगले मारेको फडकोका कारण आज हामी यी समस्याहरु भोग्दै छौं। वैज्ञानिक साधनहरु वर्तमान अवस्थामा फाइदाकारी भएतापनि भविष्यमा नराम्रो असर पार्दछ। "यसो भए यी साधनहरुलाई हामीले प्रयोगमा ल्याउने कि नल्याउने त ?" यो प्रश्न हरेकको मनमा उब्जिरहेको हुनुपर्दछ। तर यो प्रश्न आज सम्म पनि निरन्तर छ। तर पनि हामी आफ्नो कर्तव्यबाट टाढा नभागौं । सकेसम्म वातावरण संरक्षणमा आफ्नो सक्दो प्रयास गरिरहौं । बिग्रेंको अवस्थालाई अझ बिग्रनबाट जोगाऔं र

**"हातेमालो गरी हाम्रो यो उद्देश्यलाई अगाडि बढाऔं, अगाडि बढाऔं"**

- विजय महर्जन, सजला महर्जन, अनिस

## क्लोरिनको महत्व

आमा, बुबा, दाजु, भाई सबै सोच्न थालौं
झाडा अनि पखलालाई अब अन्त्य गरौं
साना ठूला सबैलाई जुका, चूर्ना पर्छ
क्लोरिनलाई सेवन गरे सधै पेट भित्रै मार्छ ।
मलेरिया प्राणघातक रोग हाम्रो जुन छ ।
अनिवार्य प्रयोग गर्दा निर्मूल यसले गर्छ
समय हाम्रो चोखो बच्छ दाउरा, ग्याँस जोगाउ,
दोमन सबै डाँडा पारी रोगह भगाऊ ।
जन्ता माथी भ्रम हैन सत्य सम्झी पिउ
क्लोरिनलाई गाउँ घरमा परमेशवर झै ठानौं
विदेशीको सहयोगले हाम्रो फाइदा हुन्छ ।
दूसित पानी अन्त्य गरी आर्थिक खर्च घट्छ ।
थोरै खर्च गर्दा हाम्रो जीवन स्वास्थ्य बन्छ
अब देखि हाम्रो चिन्त क्लोरिन हुन्छ ।
गाँउ, घर, तराई, पहाड, लेक, वेशी, शहर,
स्वास्थ्य जीवन बनाउन क्लोरिन कै भर
कुनै कृतिम औषधिले बनिएको होइन
मिनी वाटा ब्राइन पनि वाहेक अर्को छैन
एक लिटर पानी माथी तीन थोपा मात्र
आधा घण्टा पछी खानु अगी बढ्छ गन्ध
ठूला ठूला वैज्ञानीक विद्धानहरु पिउँछन्
छरीएको चेतनालाई सधै ताजा पार्छन
टवाइलेट र वाथरुम सफा गर्न हुन्छ ।
केश वाहेक शरीर समेत स्नान गर्न हुन्छ ।
झाडा पखला जुका चुर्ना आउ ग्यास्टीक
घाउ खटिरा एवं मलेरिया सम्बन्धित रोगबाट बचौं ।
क्लोरिन पानीको सधै प्रयोग गरौ पानीको शक्ती बढाउ
क्लोरिन पानी सधै प्यूने गरौं ।

गोपाल ढकाल
विद्यालय परिचालक
शिक्षा विकास मा. वि., लेटांग, मोरंग

## वन विनाश

वनजंगल सम्पूर्ण जीवित प्राणीको लागि महत्वपूर्ण साधन हो। हाम्रो देशको राष्ट्रिय सम्पत्ति हो । हाम्रो जीवनमा वनजंगलको महत्वपूर्ण भूमिका हुन्छ । हाम्रो जीवनमा मात्र नभई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा पनि यसको ठूलो भूमिका हुन्छ। जसले गर्दा राष्ट्रको राष्ट्रिय ढुकुटी बृद्धि गर्न पनि यसले ठूलो भूमिका खेलेको हुन्छ। यस्तै गरी मानिसहरु र वनजंगल बीचमा पनि घनिष्ट सम्बन्ध हुन्छ। मानिसहरुलाई चाहिने सबै किसिमका वस्तुहरु पनि हाम्रो वनजंगलबाट प्राप्त गर्छौं । मानिसहरुले वनजंगलबाट प्राप्त हुने काठबाट हस्तकला, मूर्तिकला, चित्रकला जस्ता विभिन्न किसिमका वस्तुहरु निर्माण गर्न सकिन्छ । यसका साथै काठबाट मेच, टेबुल, घर सजाउने सामग्रीहरु पनि बनाउन सकिन्छ। घरहरु निर्माण गर्ने पनि वनबाट नै हो। यसबाट बन्ने मल प्रयोग गरी मानिसले आफ्नो कृषिमय उत्पादन बृद्धि गर्छन् । मानिसहरुलाई चाहिने विभिन्न किसिमका जडिबुटीहरु पनि वनमा नै पाइन्छ । मानिसहरुलाई लगायत बाूच्नका लागि जीवहरुलाई आवश्यक पर्ने अक्सिजनको सन्तुलनमा समेत वनजंगलको भूमिका हुन्छ ।

यसकारणले गर्दा वनको संरक्षण गर्न आवश्यक पर्छ तर अहिलेको अवस्थामा वनजंगलहरुलाई जथाभावी विनाश गर्दैछन् । मानिसहरुले आगो बाल्नको लागि पनि बनबाट नै दाउरा ल्याउछन् । जसले गर्दा पनि वनजंगल विनाश हुन्छ । मानिसले जथाभावी बोटविरुवा काटेर पनि वनविनाश हुन्छ । बोटविरुवाहरु काट्नाले पानीको मुहान सुक्छ । वनजंगलबाट प्राप्त हुने जडिबुटीहरु पनि पाउन सकिदैन, अमूल्य पशुपंक्षिहरु लोप हुन्छन्, प्राकृतिक स्वरुप बिग्रिन्छ । यस किसिमका समस्याहरु वनजंगल विनाशले गर्दा देखा पर्छन् । त्यसैले गर्दा हामीले वनजंगलको विनाश गर्नु हुदैन । वनजंगलको संरक्षण गर्नको लागि कानुनी रुपमा नै पहल गर्नुपर्छ। वृक्षारोपण गर्नुपर्छ। एउटा रुख काटेमा त्यसको सट्टामा अर्को थुप्रै विरुवाहरु रोप्नु पर्छ ।

**अरपना कार्की कक्षा : ९**
**AKN ECO Club, आदर्श कन्या निकेतन उच्च मा.वि**

## चित्रकार राम

एउटा सहरमा राम नाउँको एक बालक थियो । ऊ पढ्नमा पटक्कै ध्यान दिँदैनथ्यो। आमाले पढ् भन्यो कि उसको टाउको दुख्थ्यो। तर ऊ चित्र बनाउमा भने निकै सिपालु थियो। ऊ चित्र मात्र बनाइरहन्थो। ऊ निकै राम्रो चित्र बनाउँथ्यो । उसले आफूले कोरेका चित्रहरु आफ्नो सुत्ने कोठामा सजाएको थियो। ऊ अलि अल्छि पनि थियो। आफ्नो कोठा कहिल्यै सफा गर्दैनथ्यो ।

एक दिनको कुरा हो, ऊ आफूले बनाएका चित्रहरु लिई विद्यालय गयो। ऊ कक्षामा गुरुले भनेका कुरा सुनेजस्तै गरी चित्र बनाइरहेको थियो । गुरु उसको चर्तिकला हेरिरहेका थियो। गुरुले सोचेछन् - " राम जहिले पनि चित्र मात्र कोरिरहन्छ। उसको चित्रकलाप्रति निकै ठूलो लगाव रहेको छ। उसलाई चित्र बनाउने कक्षामा राख्न पाए हुन्थ्यो ।

गुरुले प्रधानाध्यापकसँग कुरा गरी रामलाई चित्रको कक्षामा राखिदिनुभयो । रामको इच्छा पूर्ण भयो । उसले झन् राम्रा राम्रा चित्रहरु कोर्न थाल्यो । पछि ऊ चित्रकार बन्न पुग्यो । उसले नाम र दाम दुवै कमायो ।

शिक्षा : बालबालिकालाई उनीहरुको इच्छानुसार काम गर्न दिनुपर्छ।

सुबि महर्जन , कक्षा - ८
जगत सुन्दर ब्वनाकोठी
जगत सुन्दर ब्वना कोथी

## उक्तीहरु

१. जसले गर्छ सफा ,त्यसले गर्छ मज्जा
२. घरबाहिर जसले टिप्छ फोहोर , त्यसको घरभित्र आउँछ मोहोर
३. वातावरण बनाऔं राम्रो ,यसको जीम्मा हाम्रो
४. जहाँ छ हरियो वन , त्यहाँ छ हाम्रो मन
५. सफा समाज , हाम्रो आवाज

यशोधरा मा. वि.
यशोधरा प्रकृति क्लब



बिक्रम लामा, श्रमजित मा. वि., श्रमजित प्रकृति क्लब

## विद्यालयमा प्रकृति क्लबको महत्व र आवश्कता



विद्यालय विद्यार्थीहरुको दोस्रो घर हो जहाँ उसले आफ्नो जीवनको महत्वपूर्ण ज्ञान आर्जन गर्ने समय विताएको हुन्छ। आफ्नो भविष्यलाई सफल, आत्मनिर्भर र फलदायी बनाउन उसले धेरै कुराहरु सिक्नुपर्ने र अनुभव गर्नुपर्ने हुन्छ। जस्तै जीवनउपयोगी गुणहरु, नेतृत्व विकास र कार्यक्रम व्यवस्थापन र सञ्चालन सम्बन्धि गुणहरु विद्यालयमा प्रकृति क्लब स्थापना गरेर त्यसमा सक्रिय रुपमा लागि परेमा यी कुराहरु सजिलै आर्जन गर्न सकिन्छ ।

विद्यालय भित्र र बाहिर विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दाखेरि विद्यार्थीहरुले आफ्नो जीवनमा भोग्नुपर्ने चुनौतीहरु सजिलै आत्मसात गरी समाधान गर्न सक्छन् । यसका साथै उनीहरुले विभिन्न परिस्थितिमा कसरी संञ्चार गर्ने र कसरी मिलेर काम गर्ने भन्ने कुराको ज्ञान आर्जन गर्न सक्छन् । यसले गर्दा भविष्यमा जस्तोसुकै कार्यक्रमलाई सफल बनाउन सक्छन् ।

विगत दुई दशकदेखि एक्काले उपत्यका भित्र र बाहिर प्रकृति क्लब स्थापना गराइदिएर त्यसको निरन्तरतामा सहयोग पुऱ्याइरहेको छ। यस वर्ष पनि एक्काले उपत्यका भित्र र बाहिर प्रकृत क्लब गठन गराउन सहयोग पुऱ्याएको छ। ती विद्यालयका विद्यार्थीहरु र शिक्षकले प्रकृति क्लबलाई सक्रिय गराई निरन्तरता दिने प्रण गरेका छन्। विद्यालयको वातावरणीय अवस्थालाई सुदृढ गरी यसलाई सबै सामु परिचित गराउन र विद्यार्थीहरुको चौतर्फी विकासमा सहयोग पुऱ्याउन प्रकृति क्लबको गठनले महत्वपूर्ण भूमिका खेल्न सक्छ । त्यसैले यसका लागि विद्यालयले प्रकृति क्लब गठन प्रति उत्सुकता देखाउनु पर्छ र एक्काजस्तै अरु संङ्घसंस्थाको सहयोग लिनुपर्छ। सैदान्तिक शिक्षालाई परिणाममुखी बनाउन र व्यवहारिक शिक्षाको अवधारणलाई आत्मसात गर्न, विद्यालयमा प्रकृति क्लब अत्यावश्यक रहेको छ ।

**–अनुप के सी. एक्का काउन्सिलर**

## A TO Z ADVICE

A = Always speak the truth
B = Bleat no insult, bear on injury
C = Control your tongue
D = Do good, be good
E = Enrich your thoughts
F = Fear God
G = Give good company to someone
H = Hate no one
I = Inculcate good habits
J = Judge not others
K = Keep your heart clean
L = Love and get love
M = Mind your language
N = Nip your anger in the bud
O = Overcame greed
P = Purify Mind and Soul
Q = Quit nasty habits
R = Respect elders
S = Speak politely
T = Trust in good persons
U = Utilize your brain
V = Veer between love and kindness
W = Wash not you're your good name
X = Xerox the good part of god
Y = Yearn for the love of god
Z = Zap out the evil in you

(Collected by: Divya Manandhar Class – 8)
यशोधरा मा. वि.
यशोधरा प्रकृति क्लब

## तपाईको उमेर

अमेरिकाका राष्ट्रपति स्वर्गीय जोन अफ कनेडीका भिनाजु सर्जेन्ट शिवर्स एकचोटि आफ्नो ५ वर्षको छोरालाई पढाइको महत्व बुझाइ रहेका थिए। उनले यसै प्रसंगमा छोरालाई भने "छोरा तिमीलाई थाहा छ ? राष्ट्रपति अब्रांहम लिंकन जब तिमीजत्रै अर्थात ५ वर्षका थिए, उनी प्रतिदिन १२ माइल हिँडेर नै स्कूल जान्थे र हिँडेरै स्कूलबाट घर फर्किन्थे ।

छोराले आफ्नो बाबुको कुरा एकदम चाख मानेर सुनिरहेको थियो। जब उसको बाबुले कुरा सिध्याए अनि छोराले भन्यो - "बुबा तपाईलाई थाहा छ ? जब मामा तपाईको उमेरको हुनुहुन्थ्यो, तब उहाँ अमेरिकाको राष्ट्रपति बन्नुभएको थियो ।

-स्रोत : द सन

### जानकारी

**बरफ पानीमा उत्रन्छ किन :**

पानी बरफमा परिणत हुँदा बरफको आयतन पानीको आयतन भन्दा बढी हुन्छ। आयतन भनेको कुनै वस्तु पानीमा डुबाउँदा त्यसैले भाग हो । यही कारणले बरफको घनत्व पानीको भन्दा कम हुन्छ। बरफलाई पानीमा राख्दा ठूलो आयतनको कारण आफ्नो बजन भन्दा बढी पानी विस्थापित गर्छ। त्यसैले उत्रन्छ ।

– दिपेन्द्र आस्ती
टिका मा. वि.
टिका प्रकृति क्लब

### ज्ञानवर्द्धक जानकारी

**टायरको धुवा धातक हुन्छ ।**

अचेल सरकारको विरोध गर्न विद्यार्थीहरु सडकमा टायर बाल्ने गर्छन्। यसको धुवाँले स्वास्थ्यलाई निकै हानि पुऱ्याउँछ। टायर बालेर बाटो कालै पारेको दिनपछि अस्पतालमा दम र खोकीका रोगीको सङ्ख्या बढ्ने कुरा डाक्टरहरु बताउनु हुन्छ । टायरको धुवाँ र धुलोमा कार्बनमोनोअक्साइड, हाइड्रोकार्बन, पोलिसाइकिलिक, पेन्जिन, एअरमेटिक जस्ता हानिकारक तत्व मिसिएका हुन्छन्। यसले फोक्सोमा असर गरी श्वासप्रश्वास सम्बन्धि रोग लाग्छ। टायर बाल्दा निस्केको धुवाँले आँखा रातो हुने, चिलाउने समस्या पनि देखा पर्छ। यस्तो धुवाँले क्यान्सरसमेत हुन्छ।

सीता रिजाल, कक्षा : ९



एउटा घरमा आमा, बाबु र दुई छोरा थिए ।
एक दिन कान्छा छोराले आमालाई भन्यो
**छोरा** : आमा हाम्रो बुबा कस्तो लोभी हगी ......
**आमा** :किन ? आफ्नो बाबुलाई पनि लोभी भन्नु हुन्छ ।
**छोरा** : किन नभन्नु त्यस्तो लोभीलाई
**आमा** :अझ ...... किन के गर्नु भयो बुबाले त्यस्तो
**छोरा** : के गर्नु नी अस्ती दाईले जावो २ रुपैयाको डबली पैसा निल्दा अप्रेशन गरेर निकालेको हैन ।

पूजा श्रेष्ठ (१०),
आदर्श कन्या निकेतन उच्च मा.वि
आदर्श कन्या प्रकृति क्लब

एक जना अमेरिकी पर्यटक नेपाल भ्रमणमा आउँदछ। भ्रमणको क्रममा पर्यटक सिस्नुको झाडीमा पुग्दछ र अनुसन्धान गर्न छुँदा पर्यटकलाई पोल्छ। पर्यटक आफ्नो भ्रमण सकाएर अमेरिका फर्कन्छ ।

अमेरिकामा पर्यटकलाई उसको साथीले सोध्दछ ओ यार नेपाल कस्तो छ ? पर्यटकले जवाफमा भन्दछ नेपाल त धेरै विकसित भईसक्यो नि, त्यहाँ त विरुवामा पनि करेन्ट फिट गरेको छ ।

-आशिष महर्जन
खपिन्छे मचा पुच

### खुल्ला हाजिरी जवाफ प्रतियोगिता

प्रश्नहरु यस प्रकारका छन् :

१) ओजन तहलाई विनाश गर्ने मुख्य ग्याँस कुन हो ?
२) नासपातीको वियालाई के भनिन्छ ?
३) कुन जनवार रिसाउँदा रातो पसिना आउँछ ?

- सही उत्तर पठाउने मध्ये तीन जनालाई गोलाप्रथाद्धारा विजेता घोषणा गर्नेछ ।
- विजेताको नाम अर्को अंकमा प्रकाशित गर्नेछ ।

(माथिको प्रश्नको सही उत्तर एक्का नेपालको ठेगानामा पठाइ दिनु होला ।)


**प्रकाशक**
वातावरण संरक्षण शिविर (एक्का)

**सम्पादन समूह**
सुदर्शन पुडासैनी , रवि शाह
राजु कुंवर, बुद्ध बाल क्लब
श्री नील वाराही माध्यमिक विद्यालय

**संयोजक**
योगेन्द्र चित्रकार

**सम्पादन सहयोगी**
सिद्धि बज्राचार्य
सन्तोष महर्जन



**पत्राचार**
वातावरण संरक्षण शिविर (एक्का)
पोष्ट बक्स नं. : ९२१०
ज्वागल, ललितपुर ।
फोन नं. : ५५५३८७०
फ्याक्स नं. : ५०११००६
Email :ecca@mos.com.np
Url : www.ecca.org.np


**प्यारा साथीहरु यस भित्ते पत्रिका सम्बन्धि केही सुझाव सल्लाह तथा लेख रचनाहरु पठाउनु परेमा माथिको ठेगानामा पत्राचार गर्नु होला ।**